
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १३ गते शुक्रबार ❑ 29 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सवारी करको जरिवाना घटायो गण्डकी सरकारले

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

गण्डकी प्रदेश सरकारले सवारी करको जरिवाना शुल्क घटाएको छ । चालु आर्थिक वर्षदेखि सवारी करको जरिवानामा वृद्धि गरेर एक आर्थिक वर्ष नाघ्दा २०० प्रतिशतसम्म जरिवाना लिन थालेपछि सरकारको सर्वत्र आलोचना भएको थियो ।

मुख्यमन्त्री निवासमा बुधबार साँझ बसेको आकस्मिक मन्त्रिपरिषद्को बैठकले प्रदेश सवारी तथा यातायात व्यवस्थासम्बन्धी ऐन २०७६ को व्याख्या गर्दै बाधा अड्काउ फुकाउने सुविधाको प्रयोग गरेर जरिवानाको दर घटाएको हो । गण्डकीमा आर्थिक ऐनमार्फत यसअघिका वर्षमा कर र जरिवाना लाग्दै आएकामा सरकारले चालु वर्षदेखि सवारी तथा यातायात व्यवस्था ऐनमार्फत जरिवाना लिन सुरु गरेको थियो ।

चालु वर्षको सुरुआतदेखि सवारी करमा एक आर्थिक वर्ष नाघ्दा २०० प्रतिशतसम्म जरिवाना लिइएकामा अब घटाएर २० प्रतिशतमा झारिएको सरकारका प्रवक्तासमेत रहनुभएका भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्काले बताउनुभयो । उहाँका अनुसार अबदेखि पहिलो आर्थिक वर्ष नाघेमा २०, दोस्रोमा ४०, तेस्रोमा ६०, चौथोमा ८० प्रतिशत र पाँचौं वर्ष नाघेमा मात्र दोब्बर जरिवाना लिइने छ ।

मन्त्रिपरिषद्को निर्णय प्रदेश राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा जानेछ । मन्त्री खड्काले भन्नुभयो, "विगतमा आर्थिक ऐनअनुसार जरिवाना कार्यान्वयन हुँदै आएको थियो । एक आर्थिक वर्ष नाघेपछि ३२ प्रतिशत जरिवाना लगाउने व्यवस्था थियो तर यस वर्षको आर्थिक ऐन जरिवानाका बारेमा मौन रहेपछि सवारी ऐनअनुसार जरिवाना लगाउँदा सेवाग्राहीलाई मर्का परेको अनुभुति भएपछि मन्त्रिपरिषद्को आकिस्मक बैठकले त्यसलाई घटाएर पहिलाभन्दा पनि सस्तो बनाएका छौं ।" सवारी ऐनमा बाधा अड्काउ फुकाउको व्यवस्था प्रदेश सरकारलाई दिएअनुसार मुख्य न्यायाधीवक्ता, यातायायात मन्त्रालयका सचिवसहितको उच्चस्तरीय समितिको बैठकले अर्थमन्त्रालय र कानुन मन्त्रालयको समेत राय लिएर शुल्क घटाउने निर्णय गरिएको मन्त्री खड्काले बताउनुभयो ।

उहाँले भन्नुभयो, "जनतालाई जुन कुराले सहज हुन्छ सोही बाटोबाट जानुपर्दछ भनेर ऐनको व्याखा गरेका छौं । यसलाई राजपत्रमा प्रकाशित गरेर यातायात व्यवस्था कार्यालयलाई पत्राचार गर्नेछौं । जसरी कर सेवाग्राही पिडादायी र आतङ्कित भएर पीडा व्यक्त गर्नुभएको थियो यसलाई सरकारले समाधान गरेको छ ।" अघिल्लो वर्ष प्रदेशको आर्थिक ऐनमा सवारी करको जरिवाना सम्बन्धमा म्याद सकिएको पहिलो महिनामा पाँच प्रतिशत, दोस्रो महिनामा १० प्रतिशत, तेस्रो महिनामा २० प्रतिशत, आर्थिक वर्षको अन्त्यसम्ममा २० प्रतिशत र एक आर्थिक वर्ष कटेपछि ३२ प्रतिशत जरिवाना गर्ने व्यवस्था थियो तर चालु आवको आर्थिक ऐनमा जरिवानासम्बन्धी कुनै व्यवस्था गरिएको थिएन ।

आर्थिक ऐनमा व्यवस्था नभएपछि यातायात व्यवस्था कार्यालय कास्कीले एक आव कट्नै बित्तिकै २०० प्रतिशत जरिवाना लिन थालेको थियो । सेवाग्राहीको चर्को आलोचनापछि यातायात व्यवस्था कार्यालयले आव २०७८/७९ र सोभन्दा अघिल्ला आवका तिर्नुपर्नै बक्यौता कर तथा जरिवाना सङ्कलन अर्को सूचना नभएसम्मका लागि स्थगन गरेको छ ।

## स्वर्गीय कल्याण शेरचन लोकगीत संगितका एक असल नक्षत्र : प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**



पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले स्वर्गीय कल्याण शेरचनलाई गीतसंगीत क्षेत्रको संरक्षण र विकासका लागि निरन्तर लागिरहने एक प्रतिवद्ध चिन्तकका रुपमा उल्लेख गर्नुभएको छ ।

शेरचनलाई नेपाली गीतसंगितले एक असल नक्षत्रका रुपमा लिने गरेको प्रमुख आचार्यले बताउनुभयो । स्वर्गीय शेरचनको ७६ औं जन्मजयन्तिका अवसरमा उहाँको शालिक निर्माणार्थ पोखरामा आयोजितराष्ट्रिय खुला दोहोरीगीत प्रतियोगीता तथा स्रष्टा सम्मान एंव इन्द्रेणी कार्यक्रम २०७९ को उद्घघाटन गर्दै प्रमुख आचार्यले स्वर्गीय शेरचन गतिसंगितको क्षेत्रका अलौकिक बिम्ब भएको उल्लेख गर्नुभयो ।

अरुलाई अगाडी सारेर आफु पछाडी बस्ने स्वाभावका शेरचनको सपना पोखरामा आयोजित उक्त कार्यक्रमले पुरा गर्ने विश्वास समेत उहाँले व्यक्त गर्नुभयो । प्रमुख आचार्यले पोखरा महानगरपालिका लोकसंस्कृति र नेपाली गीतसंगीतको विकासका लागि निन्तर लागिरहने प्रतिवद्धता पनि जाहेर गर्नुभयो । कल्याण शेरचन स्मृति प्रतिष्ठानको आयोजनामा पोखरा सभागृहमा तिन दिनसम्म चल्ने उक्त कार्यक्रमलाई आयोजकले लोक स्रष्टाहरुको कुम्भमेला भनेको छ ।

सो क्रममा विभिन्न लोकसंस्कृतिकर्मीहरुलाई सम्मान समेत गरिएको छ भने, सयौं लोकसंस्कृतिकर्मीहरुको प्रत्यक्ष सहभागीता रहेको छ ।

## पोखरा महानगरपालिकाद्धारा अपाङ्गता भएका व्यक्तिहरुका लागि गाडी प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**



पोखरा महानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको आवागमन तथा यातायातमा पहुँच वृद्धि गर्ने उद्देश्यले स्वाबलम्बन जीवनपद्धति केन्द्र (पोखरा) लाई गाडी हस्तान्तरण गरेको छ ।

महानगरपालिकाका प्रमुख धनराज आचार्य र उपप्रमुख मन्जुदेवी गुरुङ्ले एक कार्यक्रमका बिच केन्द्रका अध्यक्ष हेम गुरुङलाई सो गाडी हस्तान्तरण गर्नुभएको हो ।

सो क्रममा प्रमुख आचार्यले विभिन्न कारणले शारीरिक, मानसिक तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको जिवन सरल बनाउने कार्यमा यसले सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो । स्थानिय सरकार हरेक नागरिकहरुको साथमा रहेको उल्लेख गर्दै प्रमुख आचार्यले गाडिको सदुपयोगतामा जोड दिनुभयो । स्वाबलम्बन जीवनपद्धति केन्द्र (पोखरा) का अध्यक्ष हेम गुरुङले अति र पुर्ण अपाङ्गता भएका व्यक्तिहरुका लागि सार्वजनिक यातायात पहुँचयुक्त नभएका बेला पोखरा महानगरपालिकाले उपलब्ध गराएको उक्त गाडिलाई पुर्ण सहदुपयोग गर्ने बताउनुभयो । उहाँका अनुसार गाडिको पछाडी पट्टी लिफ्ट समेत जडान गरि अति र पुर्ण अपाङ्गता भएका व्यक्तिको पहुँच विस्तार गरिने छ ।

महानगरपालिकाले १८ सिट क्षमताको एउटा विङ्गर गाडी हस्तान्तरण गरेको हो ।

## संसदीय छानविन विशेष समितिले प्रतिवेदन बुझाउँदै

**रासस**
**काठमाडौं, १२ साउन**

चालु आवको बजेट निर्माणमा अनधिकृत व्यक्तिको संलग्नतामा करका दर हेरफेर गरिएको भन्ने विषयमा छानविन गर्न बनेको संसदीय छानविन विशेष समितिले शुक्रबार आफ्नो प्रतिवेदन सभामुखलाई बुझाउने भएको छ ।

विभिन्न पक्षसँग छलफल गरेर समितिले प्रतिवेदन तयार गरेको छ । प्रतिवेदनलाई अन्तिमरुप दिन बिहीबार दिनभर समितिको बैठक बसेको थियो । समितिका सभापति लक्ष्मणलाल कर्णले शुक्रबार सभामुख अग्निप्रसाद सापकोटाको समय लिएर प्रतिवेदन बुझाउने समितिका सदस्य सचिव सुरेन्द्र अर्यालले जानकारी दिनुभयो । "संसदीय छानविन विशेष समितिको आज अन्तिम बैठक बस्यो । प्रतिवदेन तयारी गर्ने कुरा सम्पन्न भएको छ", उहाँले भन्नुभयो, "भोलि समय लिएर सभामुखसमक्ष प्रतिवेदन पेश गर्ने कार्यक्रम छ । समितिका सभापतिले प्रतिवेदन पेश गर्नुहुनेछ ।" प्रतिवेदनमा उल्लेखित विषय सार्वजनिक गर्न नमिल्ने उहाँले बताउनुभयो ।

गत असार २२ गते बसेको प्रतिनिधिसभा बैठकमा सभामुख सापकोटाले सो सम्बन्धमा छानबिन गर्न ११ सदस्यीय छानबिन विषेश समिति गठन गरिने घोषणा गर्नुभएको थियो । समितिमा सांसद खगराज अधिकारी, देवप्रसाद गुरुङ, पुष्पा भुसाल (गौतम), प्रदीपकुमार ज्ञवाली, भानुभक्त ढकाल, विमला विक, लक्ष्मणलाल कर्ण, शक्तिबहादुर बस्नेत, सीताराम महतो, सरलाकुमारी यादव र सुरेन्द्रप्रसाद यादव रहनुभएको थियो । संसदीय छानविन समिति गठन भएपछि अर्थमन्त्री जनार्दन शर्माले पदबाट राजिनामा दिनुभएको थियो । समितिले पूर्वअर्थमन्त्री शर्मा, अर्थ मन्त्रालयका सचिव, बजेट निर्माणमा संलग्न उच्चपदस्थ कर्मचारीसँग बयान लिएको थियो । समितिलाई १० दिनभित्र प्रतिवेदन दिन भनिएको थियो । तोकिएको समितिले काम नसकेपछि प्रतिनिधिसभाले सात दिन समय थप गरेको थियो । समितिको अन्तिम म्याद बिहीबार सकिएको छ ।

## प्रदेशसभा चौथो संशोधन नियमावली बहुमतले पारित

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

गण्डकी प्रदेशसभाको बिहीबारको बैठकले प्रदेशसभा चौथो संशोधन नियमावली २०७९ बहुमतले पारित गरेको छ ।

बैठकमा मस्यौदा समितिका सभापति ओमकला गौतमले समितिको प्रतिवेदनसहित प्रदेशसभा नियमावलीकोचौथोसंशोधनमस्यौदा पारित गरियोस् भन्दै गर्नुभएको प्रस्तावलाई सभाले बहुमतले पारित गरेको हो । संशोधन मस्यौदामा समितिको बैठकमा मन्त्रीको मताधिकार रहने सम्बन्धमा प्रतिपक्षी दल नेकपा (एमाले)ले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## कोरोना सङ्क्रमित बढे, सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
**वालिङ, १२ साउन**

केही समयदेखि कोभिडका बिरामी शून्य रहेको स्याङ्जामा पछिल्लो समय सक्रिय सङ्क्रमित ह्वात्तै बढेका छन् ।

जिल्लास्थित विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीको कोरोना परीक्षण गर्दा सङ्क्रमण पुष्टि भएसँगै सक्रिय सङ्क्रमितको सङ्ख्या बढेको हो । अधिकांश बिरामीमा उच्च ज्वरो आउने, निरन्तर खोकी लाग्ने समस्या तथा कोरोनासँग मिल्दोजुल्दो लक्षण रहेकाले 'एन्टिजेन' परीक्षण गर्दा कोभिड सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयका प्रमुख वसुन्धरा शर्माले बताउनुभयो ।

जिल्लाका ११ पालिकामध्ये हाल पुतलीबजार, वालिङ र चापाकोट नगरपालिकामा सङ्क्रमणदर धेरै छ । सङ्क्रमण देखिएका बिरामीलाई आवश्यक औषधि तथा स्वास्थ्य परामर्शसहित होमआइसोलेशनमा बस्न र अप्ठ्यारो भएमा तुरुन्तै स्वास्थ्य संस्थामा आउन अनुरोध गरिएको उहाँले बताउनुभयो । "बिरामीलाई अहिले होमआइसोलेशनमा बस्न भनेका छौं भने स्वास्थ्यमा कुनै असजिलो महसुस भएमा तत्कालै नजिकैको स्वास्थ्य संस्थामा खबर गर्न वा आउन भनिएको छ", उहाँले भन्नुभयो, "स्वास्थ्य संस्थामा आवश्यक उपकरण अक्सिजन प्लान्ट, अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिण्डर, एन्टिजेन किट, एम्बुलेन्स तथा स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा रहन खबर गरिसकेका छौं ।" सङ्क्रमणदर बढ्दै जान थालेपछि त्यसको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य कार्यालयले सक्रियता बढाएको छ । पहिलाको जस्तै कोरोनाले दीर्घरोगी वा लामो समयदेखि औषधि सेवन गरिरहनुभएका ज्येष्ठ नागरिकलाई समस्या पार्न सक्ने भएकाले उक्त वर्गका मानिसले उच्च सतर्कता अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । "सकेसम्म भीडभाडमा नजानर जानैपर्ने अनिवार्य मास्कको प्रयोग गर्नुपर्छ", उहाँले भन्नुभयो, "स्वास्थ्यसम्बन्धी सुरक्षाका मापदण्डको पालनामा जोड दिनुहोस् ।" कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि विगतमा सञ्चालनमा आएका आइसोलेशन केन्द्रलाई स्थानीय तह तथा सम्बन्धित सरोकारवालाको समन्वयमा तयारी अवस्थामा राखिने उहाँले बताउनुभयो । कोभिड-१९ को परीक्षणको दायरालाई बढाउँदै लैजानका लागि आवश्यक ब्यवस्था मिलाइएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा एक हप्ताको अवधिमा ५७ जनाको कोरोना परीक्षण गर्दा १३ जनामा सङ्क्रमण पुष्टि भएको अस्पतालका सिनियर ल्याब असिस्टेन्ट ईश्वर कोइरालाले जानकारी दिनुभयो । "उच्च ज्वरो, रुघाखोकी, जीउ दुखेका वा कोरोनाको सम्भावित लक्षण देखिएका बिरामीको परीक्षण गर्दै आएका छौं", उहाँले भन्नुभयो, "बीचमा हराएको कोरोना सङ्क्रमण फेरि ह्वात्तै बढेको छ, उच्च सतर्कता अपनाउनुपर्ने देखिन्छ ।" पुतलीबजार र चापाकोट नगरपालिकामा पनि कोरोनाको सङ्क्रमणदर बढ्दै गएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# पोखरामा 'शास्त्रीय सङ्गीत महोत्सव' हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

सनातन कला साहित्य कुञ्ज काठमाडौँको आयोजनामा यही साउन १७ र १८ गते पोखरामा 'शास्त्रीय सङ्गीत महोत्सव' आयोजना हुने भएको छ।

कुञ्जका अध्यक्ष उत्तम रिमालले 'शास्त्रीय सङ्गीतको महत्व बुझाउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिनुभयो । उहाँले यसअघि काठमाडौँ केन्द्रितमात्रै कार्यक्रम भएको जनाउँदै अब प्रदेशस्तरमा नै शास्त्रीय सङ्गीत कार्यक्रमको आयोजना गर्न लागिएको बताउनुभयो । उहाँले भन्नुभयो ,"अहिले समय बदलिँदै गएको छ । शास्त्रीय सङ्गीतको महत्व बुझ्न खोज्नेको जमात पनि बाक्लो हुँदै गएको छ । पोखरा पनि सङ्गीतको उर्भरभूमि भएकाले शास्त्रीय सङ्गीत महोत्सव गर्न लागेका हौँ, कार्यक्रम सफल हुने विश्वास लिएका छौँ ।" उहाँले लोकसङ्गीत र पपसङ्गीतको विशेषता पोखरासँग रहेको र अब शास्त्रीय सङ्गीत सुस्ताएको पोखरामा महोत्सवले फेरि ब्युँझाउने भनाइ राख्नुभयो। कार्यक्रममा गायक तथा जोजिजू म्युजिक स्कुलका सञ्चालक विनित जोजिजूले शास्त्रीय सङ्गीत व्यावसायिक हुनुपर्नेमा जोड दिँदै पोखरामा शास्त्रीय सङ्गीत महोत्सवजस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । अग्रज कलाकार तथा तबला वादक श्यामलाल श्रेष्ठले पोखराको साङ्गीतिक उत्थानका लागि एकताको खाँचोमा जोड दिनुभयो । उहाँले शास्त्रीय सङ्गीत समाज गण्डकी प्रदेशले समेत पोखरामा शास्त्रीय सङ्गीतको विकासका लागि पहल भइरहेकोसमेत जानकारी दिनुभयो । कार्यक्रममा वरिष्ठ सितारवादक प्रा डा ध्रवेशचन्द्र रेग्मी, वरिष्ठ कत्थक नृत्यकार कृष्णप्रसाद पौडेल, कत्थक नृत्याङ्गना श्रुति काफ्ले, तबलावादक जगन्नाथ धगौडा, ध्रुपद गायक कुन्दन पाठक, बासुरीवादक उमेश पण्डित, पखावजवादक मुकेश शाक्य, तबलावादक निमेश कपालीको प्रस्तुति रहने आयोजकको भनाइ छ।

# प्रदेशसभा...

फरक मत राखेको थियो । बैठकमा प्रदेशसभा सदस्य मायानाथ अधिकारीले मन्त्रीको मताधिकारका कारण समितिको बैठक प्रभावित हुने गरेको बताउनुभयो । मन्त्रालयको नाम, नक्सालगायतका विषयमा विवाद नरहेको उहाँले स्पष्ट पार्नुभयो । चौथो संशोधन मस्यौदामाथिको छलफलमा सदस्य सरिता गुरुङ, विनोद केसी, पियारी थापा, धनमाया पोखरेल लामा र राजीव पहारीले बोल्नुभएको थियो। बैठकको शुन्य तथा विशेष समयमा आशा कोइराला, राजीव पहारी, विष्णुप्रसाद लामिछाने, मायानाथ अधिकारी, ओमकला गौतम, मीना गुरुङ, मनकुमारी गुरुङ, हरिबहादुर चुमानलगायतले बढ्दो महँगी, बाढी पहिरोलगायतका विषयमा सरकार तथा प्रदेशसभाको ध्यानाकर्षण गराउनुभयो।



नेपालका लागि पोल्याण्डका गैरआवासीय राजदूत एडम बुराकोस्की बिहीबार पोखरा महानगरपालिका-१७ घारीपाटनमा रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको अवलोकन गर्नुहुँदै । तस्वीर : कृष्ण दवाडी/रासस

# सवारी दुर्घटनामा तनहुँमा एक वर्षमा ४९ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, १२ साउन**

तनहुँमा सवारीसाधन दुर्घटनाबाट एक वर्षको अवधिमा ४९ जनाको मृत्यु भएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७८/७९ मा ३५ पुरुष, १२ महिला, एक बालक र एक बालिकाको मृत्यु भएको हो ।

सो अवधिमा एक सय सवारीसाधन दुर्घटनामा परेका थिए। ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब निरीक्षक गोकर्ण नेपालका अनुसार ११ ट्रक, १७ बस, १४ जीप/कार, दश ट्र्याक्टर, एक टेम्पो र ४७ मोटरसाइकल दुर्घटना भएका थिए। दुर्घटनामा परी ४५ पुरुष, १३ महिला, तीन बालक र तीन बालिका घाइते भएका थिए।

आर्थिक वर्ष २०७७/७८ मा जिल्लामा ४८ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका थिए। ज्यान गुमाउनेमा ३७ पुरुष, आठ महिला र तीन बालक छन् । आव २०७६/७७ मा ४४ तथा आव २०७५/७६ मा ६० जनाको सवारीसाधन दुर्घटनामा परी मृत्यु भएको थियो।

सबैभन्दा बढी दुई पाङ्ग्रे सवारीसाधन दुर्घटना भएका थिए। "तीव्र गतिका कारण दुई पाङ्ग्रे सवारीसाधन दुर्घटनामा परेको पाइएको छ", नेपालले भन्नुभयो, "युवाले जथाभावी सवारीसाधन हाँक्दा दुर्घटना बढी हुने गरेको छ।"

# दोब्बर फल्यो चैते धान

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

पोखरा महानगरपालिका-२६ मा यस वर्ष लगाइएको चैते धान दोब्बरभन्दा बढी फलेको छ। चैते धानतर्फ किसानलाई प्रोत्साहन गरी अनुदान सहयोगसमेत गरिएकामा विगतमा प्रति रोपनी दुईदेखि तीन मुरी फल्ने चैते धान अहिले भने सात/आठ मुरीसम्म फलेको महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

यसवर्ष बाली विकास कार्यक्रम(धान उत्पादन प्रवर्द्धन कार्यक्रम) अन्तर्गत पोखरा-२६ मा ५० प्रतिशत अनुदानमा चैते धानको बीउ वितरण गरिएको थियो । त्यसअन्तर्गत दुई हजार ३० किलोग्राम बीउका लागि कृषि महाशाखाका तर्फबाट रु ८१ हजार दुई सय उपलब्ध गराइएको थियो भने किसानका तर्फबाट (५० प्रतिशत सहभागिता) गरी कूल रु एक लाख ६२ हजार चार सय लगानी गरिएको थियो।

त्यस्तै महाशाखाले क्षेत्रफल विस्तारमा प्रोत्साहन सहयोगवापत प्रति रोपनी रु नौ सयका दरले छ सय १५ रोपनीको रु पाँच लाख ५३ हजार पाँच सय अनुदान सहयोग उपलब्ध गराएको कडरियाले जानकारी दिनुभयो । महाशाखाले त्रिपाल खरिदमा ५० प्रतिशत अनुदान सहयोगबापत ४२ वटा त्रिपाल खरिदका लागि रु ५३ हजार नौ सय ९४ अनुदान सहयोग र ५० प्रतिशत स्थानीय सहभागिता समेतमा सो खरिदका लागि रु एक लाख सात हजार नौ सय ८८ लगानी गरिएको थियो।

त्यस्तै डिजिटल तराजु खरिदमा ५० प्रतिशत अनुदान प्रदान गरी तीनवटा तराजुका लागि रु १५ हजार महाशाखाबाट र ५० प्रतिशत स्थानीय सहभागिता गरी रु ३० हजार लगानी गरिएको थियो । लगानीअनुसार प्रतिफल राम्रो आएसँगै चैते धानतर्फ आगामी दिनमा किसानको आकर्षण बढ्ने विश्वास गरिएको छ। यस वर्ष किसानले चैते धान रु ६५ लाख बराबरको उत्पादन गरेको कडरियाले जानकारी दिनुभयो । महाशाखाले चैते धानमा सञ्चालित एकीकृत शत्रुजित व्यवस्थापन( आइपिएम) पाठशालाको अध्ययनबाट धानको जातीय परीक्षणमा चैते-५ को उत्पादन प्रति हेक्टर सात टन देखिएको छ। त्यस्तै चैते स्थानीय उत्पादनप्रति हेक्टर तीन टन, चैते सानो उत्पादनप्रति हेक्टर दुई दशमलव आठ टन, चैते ठूलो उत्पादनप्रति हेक्टर तीन टन उत्पादन भएको छ । अध्ययनबाट परालगायत अन्य सबै कारणले किसानले चैते-५ मनपराएको उहाँले बताउनुभयो।

# सराङ्कोट सहकारीद्वारा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**



सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्थाले मुटुरोगी जमुना मुड्करीलाई २४ हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ । संस्थाका संस्थापक अध्यक्ष लोकबहादुर थापाको स्मृतिमा स्थापना गरिएको कोषमार्फत वर्षेनी सामाजिक सेवा कार्यहरु गरिदै आएको अध्यक्ष कृष्णबहादुर थापाले बताए।

सामाजिक उत्तरदायित्वलाई प्राथमिकताका साथ आर्थिक कारोबार र रेडियो सराङ्गकोट प्रशारण गरिदै आएको छ। पोखरा ८ फिर्के राधाकृष्ण मन्दिरमा बस्दै दैनिक ज्यालामजदुरी गर्दै आएकी मुड्करी केही वर्षदेखि मुटु फोक्सो रोगको कारण पिडीत रहदै आएकी थिइन् । केही दिन अघि स्थानीय द्वारा राहत उठाई हाल मणिपाल अस्पताल पोखराको मेडिकल वार्डमा उपचार गराउँदै आएकी मुड्करीलाई सहयोग गरिदिन संस्थाका पूर्व अध्यक्ष प्रेमबहादुर जि.सि.ले अनुरोध गरेका छन्। राहत सहयोग वितरण गर्दै सहकारी प्रशिक्षक भिम गुरुङ्गले सहकारीमार्फत सामाजिक कार्यहरु हुनु महत्वपूर्ण रहेको बताए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष राममणि पौडेल, सहकारी व्यवस्थापक क्लवका पूर्व अध्यक्ष मिलन ढकाल, कोषका सदस्य श्यामकृष्ण थापा, महिला समिति सदस्य राधिका थापा, व्यवस्थापक सुरेन्द्र थापा, रेडियो सराङ्गकोटका व्यवस्थापक योगेन्द्र श्रेष्ठ लगायतले मुड्करीको स्वास्थ्य लाभको कामना सहित सहयोगका लागी अपिल गरेका छन्।

# अमेरिकी सहायक विदेशमन्त्री लु काठमाडौँमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ साउन**

संयुक्त राज्य अमेरिकाका सहायक विदेश मन्त्री डोनाल्ड लु बिहीबार नेपाल भ्रमणमा आउनुभएको छ । उहाँ साँझ काठमाडौँ आइपुग्नुभएको नेपालस्थित अमेरिकी राजदूतावासले जनाएको छ।


यसअघि पनि गत मङ्सिरमा नेपालको भ्रमण गरिसक्नुभएका उहाँले यो पटकको भ्रमणमा विभिन्न व्यावसायिक, नागरिक तथा सरकारी नेतृत्वसँग नेपाल-अमेरिका बीचको ७५ वर्षे लामो मित्रताका विविध आयामलगायत विषयमा कुराकानी गर्नुहुने दूतावासले जनाएको छ।

साथै उहाँले दुई देशको आर्थिक विकासप्रतिको प्रतिबद्धता, लोकतन्त्र तथा मानवाधिकारका विषयमा पनि कुराकानी गर्नुहुनेछ । दक्षिण एशियाली मामिलाका सबैभन्दा उच्च तहका अमेरिकी कूटनीतिज्ञका रुपमा विविध विषयमा छलफलका लागि उहाँले यस क्षेत्रको भ्रमण गर्नुभएको हो।

सहायक विदेशमन्त्री लुले प्रधानमन्त्री शेरबहादुर देउवा र परराष्ट्रमन्त्री डा नारायण खड्कासँग भेटवार्ता गर्नुका साथै काठमाडौँमा हुने एक अवार्ड वितरण कार्यक्रममा सहभागी हुनुहुने बुझिएको छ।

# डा भट्टराई पक्षबाट नेपाल समाजवादी पार्टी दर्ता

**रासस**
**काठमाडौं, १२ साउन**



जनता समाजवादी पार्टी (जसपा) नेपालबाट अलग्गिएको डा बाबुराम भट्टराई पक्षले निर्वाचन आयोगमा नयाँ दल दर्ता गराएको छ । सो समूहले बिहीबार निर्वाचन आयोगमा नेपाल समाजवादी पार्टी दर्ता गराएको हो।

आयोगमा यसअघि दर्ता भएको समावेशी लोकतान्त्रिक पार्टीको नाम परिवर्तन गरी नेपाल समाजवादी पार्टी दर्ता गरिएको डा भट्टराई निकट नेता रमेश पोखरेलले जानकारी दिनुभयो । "यसअघि आयोगमा दर्ता रहेको समावेशी लोकतान्त्रिक पार्टीको विधान संशोधन गरेर नेपाल समाजवादी पार्टी बनाइएको छ । सो पार्टीले आज वैधानिकता पाएको छ", उहाँले भन्नुभयो। सो पार्टीको निर्वाचन चिह्न आँखा रहेको छ। पार्टीको पहिलो बैठकबाट पदाधिकारी टुङ्ग्याउने उहाँले बताउनुभयो। "एक/दुई दिनमै पार्टीको बैठक बस्छ, त्यसले नेतृत्वसहित पदाधिकारीको टुङ्गो लगाउँछ", नेता पोखरेलले भन्नुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# नागरिक सचेतनाको खाँचो

कोरोना भाइरस नियन्त्रणमा लिन सरकारले प्रभावकारी भूमिका नखेल्दा संक्रमितको संख्या बढ्न थालेको छ । बिहीबार एकै दिन थप ७१० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घन्टामा देशभरबाट ५०२५ नमूना परीक्षण गर्दा ७१० जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पीसीआर विधिबाट २५४१ र एन्टिजेनबाट २४८४ नमूनाको परीक्षण गर्दा पीसीआरबाट ५२४ र एन्टिजेनबाट १८६ नमूनाको रिपोर्ट पोजिटिभ आएको छ । साउन महिनादेखि संक्रमण दर क्रमशः बढ्न थालेको छ ।

संक्रमित थपिएसँगै मृत्युका खबरले सावधानी अपनाउनु पर्ने देखाएको छ । बिहीबार कोरोनाबाट थप २ जनाको मृत्यु भएको छ । मन्त्रालयकाअनुसार पछिल्लो २४ घन्टाको अवधिमा थप २१५ जना कोरोनामुक्त भएका छन् । हाल कोरोना सक्रिय संक्रमितको संख्या ४२३६ पुगेको छ । मन्त्रालयका अनुसार पछिल्लो २४ घन्टामा थप ५९ हजार ४७१ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन् । भारतमा कोरोना संक्रमितको संख्या बढ्नथालेपछि नेपालमा पनि बढ्न थालेको छाखुला सिमानाका कारण नेपालमा बढ्न थालेको हो । कोभिड-१९ को विश्वव्यापी लहर कम भए पनि छिमेकी भारतमा संक्रमण दर तीव्र रूपमा बढेको छ । त्यसको सोझो असर नेपालमा पनि परेको छ । पछिल्लो साता नेपालमा पनि कोभिडको नयाँ संक्रमण छोप्दै छोप्दै गएको छ । संक्रमितमध्ये पनि केही नयाँ छन् र केही पहिला संक्रमित भइसकेका, खोप लगाइसकेका पनि छन् ।

संक्रमण दर उकालो लाग्न थालेको छ, अब निगरानी बढाउन जरुरी भइसकेको छ । स्वास्थ्यका मापदण्ड पालनमा कडाइ गर्नुपर्ने भएको छ । नेपालले कोभिडको पहिलो लहर आउनुअघि जुन सतर्कता अपनाउनुपर्ने थियो, त्यतिबेला निकै लापरबाही गऱ्यो । नेपालीलाई केही पनि हुन्न जसरी कानमा तेल हालेर सरकार र नागरिक दुवै बसे। तर कोभिड आइछाड्यो र दसौं हजार नेपालीको ज्यान लियो । नेपालले कोभिड-१९ पछि स्वास्थ्य क्षेत्रमा धेरै सुधार गरेको छ । विगतका वर्षमा स्वास्थ्य क्षेत्रको पूर्वाधारका लागि बजेट छुट्याइएको हो । स्थानीय तह र प्रदेश सरकारले पनि काम गरेका हुन । जुन बेला समस्या पर्छ त्यस बेला तात्ने पछि वास्ता नगर्ने नेपाली संस्कार भएको छ । सबै काम राज्यले गरिदिनुपर्छ भन्ने सोच छ ।

सबै राज्यले गर्न सक्दैन निजी क्षेत्रलाई सुम्पनु पर्छ भन्ने सोच राख्नेको नेतृत्वमा सरकार रहेको छ । अहिले संक्रमण रोक्ने र स्वस्थ रहन राज्यभन्दा धेरै नागरिक बढी जिम्मेवार हुनुपर्छ । भीडभाडमा नजाने, मान्छेमात्रै थुपार्ने गतिविधि नगर्ने, मास्कको अनिवार्य प्रयोग गर्ने र साबुनपानीले हात धोइरहने काम व्यक्तिव्यक्तिले गर्न जरुरी छ । संक्रमणको सञ्जाल तोड्न सक्दा मात्रै यसबाट धेरैजनालाई बचाउन सकिन्छ । सामाजिक दूरी कायम गर्ने र संक्रमणको जालो फैलन नदिन सरकारले मापदण्ड जुन बनाएको छ, त्यसको पालनामा नागरिकहरू नै सबैभन्दा धेरै सचेत बनेर असल नागरिक बन्ने बेला आएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : व्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# शनिबारसम्म वर्षाको सम्भावना

रासस

काठमाडौं, १२ साउन

आगामी शनिबारसम्म देशभर आंशिकदेखि सामान्य बदली रही अधिकांश स्थानमा वर्षा हुने भएको छ ।

मनसुन सक्रिय रहेकाले शनिबारसम्म देशभर आंशिकदेखि सामान्य बदली रही देशका अधिकांश भूभागमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् गङ्गा नगरकोटीले जानकारी दिनुभयो । "प्रदेश नं १, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावनासमेत रहेको छ", उहाँले भन्नुभयो । हाल मनसुनको न्यून चापीय रेखा पश्चिममा सरदर स्थान को आसपासमा रहेको छ भने पूर्वमा सरदर स्थानभन्दा केही उत्तरतिर अवस्थित रहेको छ ।

विभागले आगामी २४ घण्टा देशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको साथै प्रदेश नं १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको तथा उक्त भू-भागमा भू-क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम हुनुका साथै नदी नाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा दैनिक जनजीवन/यातायात क्षेत्रसमेत प्रभावित हुनसक्ने भएकाले सतर्कता अपनाउनु हुन सबैमा अनुरोध गरेको छ ।

रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रही देशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, मधेस प्रदेश र बागमती प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको बताइएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १९ दशमलव पाँच डिग्री र अधिकतम तापक्रम २९ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ ।

# पोखरामा राष्ट्रिय दोहोरी गीत प्रतियोगिता

पोखरापत्र संवाददाता

कास्की, १२ साउन

कास्कीका पोखरामा बिहीबारदेखि सर्वाधिक पुरस्कार राशि भएको राष्ट्रिय खुला दोहोरी गीत प्रतियोगिता हुने भएको छ । 'लोकसंस्कृति जोगाऔं, हाम्रो चिनारी बचाऔं' नारासहित कल्याण शेरचन स्मृति प्रतिष्ठान नेपालले उक्त प्रतियोगिता गर्न लागेको हो । तीन दिनसम्म हुने उक्त प्रतियोगितामा देशभरबाट ४६ समूहको सहभागिता रहेको र सबै तयारी पूरा भएको प्रतिष्ठानका सचिव एवं कार्यक्रम संयोजक जीवन दाहालले जानकारी दिनुभयो ।

प्रतियोगितामा प्रथम हुने टोलीले रु ६ लाख, द्वितीय हुनेले रु चार लाख, तृतीय हुनेले रु दुई लाख तथा सान्त्वना हुने समूहले रु एक लाख पुरस्कार पाउनेछन् । उत्कृष्ट गायक, गायिकार अनुशासित समूहलाई रु ५० हजारका दरले पुरस्कार प्रदान गरिने दाहालले जानकारी दिनुभयो । कार्यक्रमबाट रु ५५ लाख आम्दानी हुने आयोजक संस्थाले जनाएको छ ।

एक समूहमा महिला र पुरुष एक/एक गरी दुई जना रहने र समूहको वाद्यवादनलगायत टोलीको व्यवस्था आयोजकलेनै गनुपर्ने छ । लोकगायक, स्रष्टा र शिल्पी कल्याण शेरचनको स्मरणमा उहाँको जन्मजयन्तीका अवसरमा प्रतियोगिता आयोजना गरिएकोप्रतिष्ठानका अध्यक्ष क्याप्टेन पूर्णबहादुर गुरुङ'ह्यालमो'ले बताउनुभयो । "प्रतियोगिताको उद्देश्य पोखरामा नेपाली लोकबाजा सङ्ग्रहालय निर्माण गर्नु रहेको छ", उहाँले भन्नुभयो ।

नेपाली लोकबाजाको संरक्षण, सम्वर्द्धन गर्न र शेरचनको प्रतिमा निर्माणको योजना प्रतिष्ठानले अघि सारेको छ । बचत रकमबाट लोकबाजा सङ्ग्रहालय स्थापना गरिने छ । कुना कन्दरामा गाइने नेपालीपन बोकेका मौलिक लय एवं भाकाका गीत सङ्कलन र गायनका साथै नेपाली लोकगीत, नृत्य र संस्कृतिको विकासमा योगदान पुऱ्याउनु भएका स्रष्टा शेरचनको २०६७ माघ २४ गते पोखरामा निधन भएको थियो । स्व शेरचनले १६ वर्षे उमेरमा मै पनि फिल्के हुँदो हो, अहिले पो बुढो भयो र....,सुखी ज्यानलाई गुँदरी कामलो..., आहा कलिलो तामालाई सोध रामलाई...., ऐ भेना यो सला, ल्याइदेउ मलाई पछ्यौरी मलमलगायतका गीतहरू सङ्कलन गर्नुभएको थियो । शेरचन नेपाली गीत सङ्गीतको क्षेत्रमा फरक किसिमको स्वाद, शैली र विम्ब भित्र्याउन सफल हुनु भएको थियो ।

# एक दिवसीय वरियतामा नेपाल यथावत्

रासस

काठमाडौं, १२ साउन

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले बिहीबार जारी गरेको एकदिवसीय नयाँ वरियतामा नेपाल यथावत स्थानमा रहन सफल भएको छ ।

आइसिसीले सार्वजनिक गरेको नयाँ वरियताअनुसार नेपाल १९औँ स्थानमा यथावत् रहन सफल भएको हो । अघिल्लो वरियतामा पनि नेपाल १९औँ स्थानमा रहेको थियो । नयाँ वरियतामा न्यूजील्याण्ड पहिलो स्थानमा रहेको छ भने इङ्ल्याण्ड दोस्रो स्थानमा रहेको छ । त्यस्तै भारत तेस्रो स्थानमा रहँदा पाकिस्तान चौथो तथा अष्ट्रेलिया पाँचौं स्थानमा रहेको छ । यसैगरी साउथ अफ्रिका छैटौं, बङ्गलादेश सातौं, श्रीलङ्का आठौं, वेष्टइन्डिज नवौं तथा अफगानिस्तान दशौं स्थानम रहेको छ ।

# तनहुँमा जनप्रतिनिधिले बुझाएनन् चुनावी खर्चको विवरण

पोखरापत्र संवाददाता

तनहुँ, १२ साउन

स्थानीय तहको निर्वाचन, २०७९ मा विभिन्न राजनीतिक दलबाट उम्मेदवार बनेका अधिकांश जनप्रतिनिधिले दुई महिना बित्दा पनि चुनावी खर्चको विवरण बुझाएका छैनन् । निर्वाचनको मत परिणाम घोषणा भएको ३० दिनभित्र निर्वाचन खर्च विवरण बुझाइसक्नुपर्ने कानुनी प्रावधान भएपनि उनीहरूले हालसम्म विवरण बुझाएका छैनन् । गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा तनहुँबाट एक हजार ६ सय ३७ जनाले विभिन्न पदमा उम्मेदवारी दिएका थिए । हालसम्म चार सय एक जनप्रतिनिधिले चुनावी खर्चको विवरण बुझाएका छन् भने एक हजार दुई सय छत्तीसले अझै बुझाएका छैनन् ।

कार्यालयले गत जेठ मसान्तसम्म निर्वाचन खर्चको विवरण बुझाउन सार्वजनिक सूचना जारी गरेको थियो । जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी धीरेन्द्र शाहीका अनुसार खर्च विवरण नबुझाउनेमा अधिकांश पराजितरकेहीनिर्वाचित उम्मेदवार छन् । भिमाद नगरपालिकाको प्रमुख र उपप्रमुखमा निर्वाचित तथा पराजित उम्मेदवारले पनि खर्च विवरण बुझाएका छैनन् ।

त्यसैगरी, भानु नगरपालिकाका प्रमुख उपप्रमुखमा निर्वाचित, वडाध्यक्ष र वडासदस्य कसैले पनि निर्वाचन खर्च विवरण बुझाएका छैनन् । अधिकांश निर्वाचित उम्मेदवारले नै खर्चको विवरण बुझाउन अटेर गर्दै आएको पाइएको छ । आँबुखैरेनी गाँउपालिकामा निर्वाचित उम्मेदवारले खर्च विवरण बुझाए पनि अन्य पालिकाका उम्मेदवारले भने आलटाल गर्दैआएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचन आयोगले खर्चको विवरण बुझाउने उम्मेदवारको तथ्याङ्क पठाउन पटक-पटक ताकेता गरेपछि प्राप्त भएकाको मात्रै तथ्याङ्क पठाइएको निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले बताउनुभयो ।

# बाढीले पाइप बगाएपछि खानेपानीको हाहाकार

पोखरापत्र संवाददाता

तनहुँ, १२ साउन

म्याग्दीको दुधेखोलामा यही साउन पहिलो साता आएको बाढीले मुहान पुरेर पाइप बगाएपछि बेनी नगरपालिका-२ बगरफाँट खानेपानीको हाहाकार भएको छ ।

यसअघि गत असार ९ गते पनि मरुवा, उपल्लो खन्ना र बार्छहरोमा बाढी तथा पहिरोले मुहान र पाइप बगाएको थियो । स्थानीयले मुहान मर्मत गरेर नयाँ पाइप बिछ्याइ सञ्चालन गरेको खानेपानी यही साउन ३ गते दुधेखोलामा आएको बाढीले क्षति पुऱ्याएको हो । बगरफाँटमा पुनः खानेपानीको हाहाकार भएको छ । दुई सय आठ परिवार अहिले खानेपानीको जोहो गर्न समस्या भएको छ । यहाँका बासिन्दा कुवा र म्याग्दी नदीको धमिलो पानी पिउन बाध्य भएको स्थानीय ओमकुमारी शर्माले बताउनुभयो ।

दुई सय १४ घरधुरी रहेको बगरफाँटमा नौ दिनदेखि खानेपानीको समस्या भएको छ । विसं २०६९ मा बेनी नगरपालिका-३ भकिम्ली र बेनपा-२ ज्यामरुककोटको सिमानामा पर्ने कोप्रे खोलाको मुहानबाट पानी ल्याई बगरफाँटका २८ धारामा वितरण गरिएको थियो । रु ५४ लाखको लागतमा बगरफाँट खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भएको हो ।

यस वर्ष पाइप लाइन र मुहानलगायत सात ठाउँमा ठूलो पहिरो गएकाले सामान्य मर्मतले मात्र सम्भव नहुने र निरन्तर वर्षा भइरहेकाले मर्मत कार्य गर्न नसकिएको बगरफाँट खानेपानी तथा सरसफाइ आयोजनाका हेराल्नु हरि कार्कीले बताउनुभयो । वर्षा रोकिएपछि मात्र मर्मत कार्य अघि बढाइने उहाँको भनाइ छ ।

# बुढौलीमा एसइई उत्तीर्ण

पोखरापत्र संवाददाता

म्याग्दी, १२ साउन

म्याग्दीका पौढ महिलाहरूले बुढौलीमा माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेर पढाइलाई उमेरले नछेक्ने भनाइलाई चरितार्थ गर्नुभएको छ ।

विसं २०७८ को एसइईउत्तीर्ण गरेका बेनीको उज्यालो वैकल्पिक विद्यालयमा अध्ययन गरेका तीन जना प्रौढहरूले इच्छाशक्ति भएमा शिक्षा हासिल गर्न उमेर बाधक नहुने सन्देश दिनुभएको हो ।

बैसट्ठी वर्षीया रेणुदवी मल्लले १.८६, ५१ वर्षीया योगमाया गौतमले १.५५ र ४३ वर्षीया दिलशोभा पुनले २.१० जिपिए ल्याए। यसपालिको एसइई उत्तीर्ण हुनुभएको विद्यालय सञ्चालक समितिका अध्यक्ष राजेश शाक्यले जानकारी दिनुभयो । जलजला गाउँपालिका-३ वारीबेनीका मल्लले कक्षा ५ पढ्दा आमाको निधन भएपछि विद्यालय छाड्नुभएको थियो । "आमाको निधन भएपछि भाइबहिनी साना भएकाले पढ्न पाएको थिइनँ", उहाँले भन्नुभयो, "सामाजिक सङ्घसंस्थामा काम गर्दा पढाइको आवश्यकता महसुस गरेर उज्यालो विद्यालयमा पढेर एसइईमा सहभागी भएको थिए । सफल भएँ खुसी लागेको छ ।"

वारीबेनीको आमा समूह र विभिन्न उपभोक्ता समितिमा रहेर काम गर्नुभएकी मल्लले साथी भएमा माथिल्लो कक्षाको अध्ययनलाई निरन्तरता दिने बताउनुभयो । उज्यालो वैकल्पिक विद्यालयबाट दोस्रो समूहमा पाँच जनाले फारम भरेकामा तीन जना सहभागी भएका थिए । विभिन्न कारणले बीचैमा पढाइ छाडेका औपचारिक शिक्षाबाट बञ्चित प्रौढहरूलाई १० कक्षासम्मको शिक्षाको अवसर दिलाउन विसं २०७३ देखि वैकल्पिक विद्यालय सञ्चालन भएको थियो । गत वर्ष सो विद्यालयबाट नौ जना प्रौढ महिलाले एसइई उत्तीर्ण भएका थिए । विद्यालयमा अध्ययनरत आमाहरूले अङ्क अक्षर चिन्न, लेख्न पढ्न नसक्दा मोबाइल चलाउन, कतै जाँदा ठाउँ चिन्न र भेला बैठकमा सहभागी हुँदा हस्ताक्षर गर्न ल्याप्चे लगाउनुपर्ने समस्याबाट मुक्ति मिलेको बताएका छन् । हाल ४० जना अध्ययनरत विद्यालयमा सात जना सहजकर्ता छन् । मासिक रु ७५ हजार खर्च हुने विद्यालय सञ्चालनका लागि बेनी नगरपालिकाले सघाएको छ । नगरपालिकाको सहयोगका अतिरिक्त दाताले पनि सहयोग गर्दै आएका छन् । गत वैशाख ९ देखि २० गतेसम्म सञ्चालन भएको एसइईमा जिल्लाबाट दुई हजार २४५ सहभागी भएका थिए । बेनी -९ गलेश्वरको जडभरत शालग्राम गण्डकी संस्कृत माविबाट नौ जनाले जिल्लामै पहिलोपटक संस्कृत विषयबाट एसइईमा सहभागिता जनाएका थिए । उनीहरूले २.२५ देखि ३.० जिपिए ल्याएका छन् ।

सार्वजनिक नतिजाअनुसार बेनीको लिटिल गार्डेन एकेडेमीका बब्लु शाह र उत्सव सापकोटाले ३.९५ जिपिए ल्याएका प्रिन्सिपल दीपक सुवेदीले बताउनुभयो । बेनीको प्रकाश माविका प्रेम श्रेष्ठले ३.९०, प्रविन सुवेदी र प्रकृति सुवेदीले ३.८५ जिपिए ल्याए । सामुदायिक विद्यालयतर्फ जिल्ला प्रथम र द्वितीय भएका निम्ति प्रधानाध्यापक लेखबहादुर हमालले दाबी गर्नुभएको छ ।

# प्रशासकीय भवन निर्माण

पोखरापत्र संवाददाता

म्याग्दी, १२ साउन

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले मौलिक शैलीको प्रशासकीय भवन निर्माण गरेको छ । गाउँपालिकाको केन्द्र कागबेनीमा तिब्बती कला र संस्कृति झल्कने दुईतले २४ कोठे भवन निर्माण भएको हो ।

गाउँपालिकाका अध्यक्ष रिडजिन नाम्ग्याल गुरुङले भवनमा मुस्ताङको धार्मिक संस्कृति झल्किने गरी भित्ते लेखन र संरचना निर्माण गरिएको बताउनुभयो । "मौलिकता झल्किने गरी भवनको बाहिरी आवरण, फर्निचर, प्रवेशद्वारमा भित्ते लेखन र रङरोगन गरिएको छ", उहाँले भन्नुभयो, "मौलिकताको संरक्षण/सम्वर्द्धन र प्रचारप्रसार गर्ने गरी अन्य पालिका भवनभन्दा किसिमको भवन बनाइएको हो ।" भवनको बाहिरी आवरणमा थान्का चित्रको दृष्य प्रष्ट्याउन खोजिएको छ । थान्का कलासंस्कृति बौद्ध दर्शनलाई सहजताका साथ व्याख्या गर्ने सजिलो माध्यम हो ।

बारागुङको प्रशासकीय भवनजस्तै मुस्ताङका अधिकांश गुम्बा यही शैलीमा निर्माण भएका छन् । कागबेनी-मुक्तिनाथ सडक छेउमा रहेको भवन पाहुना र पर्यटकका लागि पनि आकर्षण बनेको छ । भवन हेरेर मुस्ताङको कला र संस्कृतिको बारेमा बुझ्न सकिन्छ ।

